प्रदेश नं.१ को प्रदेश सभामा २०७९ आषाढ १ गते

आर्थिक मामिला तथा योजना मन्त्री

मा. इन्द्र बहादुर आङ्बोले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. १, विराटनगर, मोरङ्ग

२०७९

**माननीय सभामुख महोदय,**

१. नेपालको संविधानको धारा २०७ बमोजिम प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले यस गरिमामय प्रदेश सभामा आगामी आर्थिक वर्ष २०७९/०८० को आय र व्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु। प्रस्तुत बजेटलाई **उत्पादन, उत्पादकत्व र उच्च आर्थिक बृद्धि, सामाजिक न्याय र नागरिकको समृद्धिको सम्बाहकको** रुपमा प्रस्तुत गरेको छु।

२. यस अवसरमा लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न कालखण्डमा भएका, दशवर्षे जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र आदिवासी-जनजाति आन्दोलन लगायतका राजनीतिक क्रान्ति एवम संघर्षलाई म स्मरण गर्न चाहन्छु। जनाधिकार र राजनीतिक परिवर्तनका लागि आफ्नो अमूल्य जीवन बलिदान गर्ने शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। घाइते योद्धा र वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान र परिवारप्रति गहिरो सहानुभूति प्रकट गर्दछु।

३. संघीय लोकतान्त्रिक गणतन्त्रले हामीलाई दिगो शान्ति, स्थायित्व, विकास, समृद्धि, सामाजिक न्याय र समाजवादतर्फ अघि बढ्ने आधार दिएको छ। प्रत्येक नेपालीको परिवर्तनको चाहना एवम् विकास र समृद्धिको सपनालाई सार्थक बनाउने सम्भावनाको ढोका खोलेको छ। प्रदेशले अवलम्बन गरेको **स्वच्छ, सुखी र समुन्नत प्रदेश** निर्माणको आधारशीला निर्माण गर्न सामाजिक न्याय सहितको बहुआयामिक विकासलाई तीव्र रुपमा अघि बढाइने छ।

४. नेपालको संविधानले व्यवस्था गरे अनुसार प्रदेश सरकारको क्षेत्राधिकार अनुरुप वित्तीय संघीयतालाई प्रभावकारी र दिगो बनाउन सम्भाव्य

स्रोतको परिचालन, दक्षतापूर्ण बाँडफाँट तथा उच्चतम उपयोग गर्न विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासनको त्रिकोणात्मक संयोजन कायम गर्नु परेको छ। आर्थिक तथा सामाजिक पूर्वाधारको विकास गर्दै गरिवीको रेखामुनि रहेका एवं विभेद र वहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जाति र समुदाय लगायत सबै नागरिकको विकास र समृद्धिको आकाङ्क्षा सम्वोधन गर्न उपलब्ध स्रोत र साधनलाई केन्द्रित गरेको छु।

५. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको आधारस्तम्भको रुपमा रहेको स्थानीय तहको दोश्रो निर्वाचन निष्पक्ष, स्वतन्त्र, स्वच्छ र भयरहित वातावरणमा सम्पन्न भई स्थानीय तह गठन भएको छ। यसबाट प्रदेश सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यमा बढोत्तरी भई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको सदृढीकरणमा कोशेढुङ्गा सावित हुने अपेक्षा गरेको छु। यस अवसरमा स्थानीय तहका सवै निर्वाचित पदाधिकारीहरुको सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

६. कोभिड-१९ महामारीबाट प्रभावित प्रदेश अर्थतन्त्रको पुनरुत्थान गर्दै भविष्यमा आउनसक्ने यस्ता महामारी नियन्त्रणका लागि स्वास्थ्य प्रणालीको सुदृढीकरण गरी प्रदेशका आमनागरिकको आर्थिक, सामाजिक र वातावरणीय विकासको आकाङ्क्षा पूरा गर्न प्रदेश सरकार प्रतिवद्ध रहेको छ।

७. आगामी वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, पन्ध्रौ योजना, **स्वच्छ, सुखी र समुन्नत प्रदेश**को दीर्घकालीन लक्ष्य सहितको प्रथम आवधिक योजना, दिगो विकास लक्ष्य र वर्तमान प्रदेश सरकार गठन सँगै तयार पारिएको न्युनतम साझा कार्यक्रमलाई महत्वपूर्ण आधारको रुपमा लिएको छु। समाजमा रहेका सामाजिक, आर्थिक, लैङ्गिक लगायत सबै प्रकारका विभेद तथा कुरीतिको अन्त्य गर्दै प्रदेशको

विकास, समृद्धि र सामाजिक न्यायलाई केन्द्रविन्दुमा राखी समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माण गर्ने उद्देश्यबाट निर्देशित भएको छु।

८. प्रदेश सभाको यसै अधिवेशनमा पेश भएको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता उपर भएको छलफलमा माननीय प्रदेश सभा सदस्यहरुबाट प्राप्त सुझाव, स्थानीय तहका नव निर्वाचित जनप्रतिनिधीहरु, निजी क्षेत्र, बुद्धिजीवी, पेशाविद्, उद्योगी व्यवसायी, सञ्चारकर्मी र आमनागरिकबाट प्राप्त रचनात्मक सुझावलाई समेत बजेट तर्जुमा गर्दा महत्व दिएको छु।

**माननीय सभामुख महोदय,**

९. यस प्रदेशको अर्थतन्त्रका महत्वपूर्ण आर्थिक र सामाजिक परिसूचक समावेश गरिएको प्रदेश आर्थिक सर्वेक्षण २०७८/०७९ प्रदेश सभामा प्रस्तुत गरिसकिएको छ। अब म चालु आर्थिक वर्षको आर्थिक गतिविधि तथा बजेट कार्यान्वयनको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१०. विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीको असर क्रमशः न्यून हुन गए सँगै आर्थिक तथा सामाजिक गतिविधिहरु गतिशिल बन्दै गएका छन्। आमनागरिकको जनजीवन सहज बन्दै गएको छ। उद्योग एवं व्यापार व्यवसायहरु पुर्ण रुपमा सञ्चालनमा आएका छन्। आन्तरिक तथा बाह्य पर्यटकको संख्या बृद्धि भएको छ। निर्माण क्षेत्रले क्रमशः गति लिदै गएको छ भने उर्जा क्षेत्रको उत्पादन बढेको हुँदा सोका आधारमा आर्थिक बृद्धिदर तुलनात्मक रुपमा बढ्ने अनुमान छ। चालु आर्थिक वर्षको संशोधित कुल गार्हस्थ उत्पादन ७ खर्व ६३ अर्व रहने अनुमान छ । फलस्वरुप प्रदेशको आर्थिक वृद्धिदर गत आर्थिक वर्षको ४.३४ प्रतिशतबाट बढेर चालु आर्थिक वर्षमा ५.४१ प्रतिशत पुग्ने अनुमान छ। चालु आर्थिक वर्ष सहित पछिल्लो चार वर्षमा प्रदेशको वार्षिक औषत आर्थिक वृद्धिदर ४.२ प्रतिशत रहेको छ।

११. चालु आर्थिक वर्षको कुल विनियोजित बजेट रु. ३२ अर्ब ४६ करोड ९२ लाख रहेकोमा वैशाख मसान्तसम्म संघीय सशर्त अनुदानमा रू. २

अर्ब ४ करोड ५१ लाख थप भई कुल बजेट रु. ३४ अर्ब ५१ करोड ४३ लाख कायम भएको छ।

१२. चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म कुल विनियोजनको ५० प्रतिशत खर्च भईसकेको छ भने आर्थिक वर्षको अन्त्य सम्ममा ८० प्रतिशत भन्दा माथि खर्च हुने अनुमान छ।

१३. चालु आर्थिक वर्षको बैशाख मसान्त सम्म प्रदेश सरकारको खर्च रु. १७ अर्ब ३२ करोड १५ लाख भई गत वर्षको सोही अवधिको तुलनामा १.२९ प्रतिशतले वृद्धि भएको छ भने रु. ३ अर्ब १६ करोड ६६ लाख राजस्व संकलन भएको छ।

१४. चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म स्थानीय तहलाई रू. २ अर्ब ५६ करोड ६७ लाख बित्तीय हस्तान्तरण भएको छ।

**१५.** चालु आर्थिक वर्षको बैशाख मसान्तसम्म कुल रु.२१ अर्ब ९९ करोड १३ लाख प्राप्ति भएको छ भने चालु आर्थिक वर्षको अन्त्य सम्ममा रू. ३३ अर्ब ७ करोड प्राप्त हुने संशोधित अनुमान छ।

**माननीय सभामुख महोदय,**

१६. अब म आगामी आर्थिक वर्ष २०७९/८० को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। प्रस्तुत बजेटका उद्देश्यहरू निम्नानुसार रहेका छन्ः

(क) प्रदेशको आर्थिक विकासका नवीनतम सम्भावना र अवसरका क्षेत्रहरुको पहिचान र प्रवर्द्धन गर्दै समग्र आर्थिक विकास र समृद्धि हासिल गर्ने।

(ख) आर्थिक क्रियाकलाप एवम् विकास निर्माणका कार्यक्रमलाई तीव्रता दिदै सार्वजनिक, निजी र सहकारी क्षेत्रमा उपलब्ध स्रोत र साधनलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्दै आय र मर्यादित रोजगारीको अवसर बृद्धि गरी गरिबी न्युनिकरण गर्ने।

(ग) आर्थिक तथा सामाजिक पूर्वाधारहरुको विकास गरी समृद्ध प्रदेशको आधार तयार गर्ने।

(घ) संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढ गर्दै संघ र स्थानीय तहसँगको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने।

(ङ) सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य र जीवन उपयोगी तथा सीपमुलक शिक्षाको प्रवन्ध मिलाउने।

(च) राज्यको लोककल्याणकारी भूमिकालाई थप सुदृढ बनाउन सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने।

१७. प्रस्तुत बजेटका प्राथमिकताहरु निम्नानुसार तय गरेको छु।

(क) कृषि क्षेत्रको विकास, विविधीकरण र व्यवसायीकरण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गरिनेछ।

(ख) आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्दै उद्यमशीलता विकास मार्फत रोजगारी तथा स्वरोजगारीका अवसरको सिर्जना गरिनेछ।

(ग) निर्माणाधीन तथा अधुरा आयोजनाहरुको निर्माण कार्य समयमै सम्पन्न गरिनेछ ।

(घ) व्यवस्थित स्वास्थ्य प्रणाली तथा स्वास्थ्य संरचनाका लागि पूर्वाधार निर्माणमा जोड तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गरिनेछ।

(ङ) पर्यटन प्रवर्द्धन गर्न प्रदेशभित्र रहेका पर्यटकीय क्षेत्रहरुको संरक्षण तथा विकास गरिनेछ।

(च) सबै प्रकारका विभेदको अन्त्य गर्दै विकासका प्रतिफलमा न्यायपूर्ण पहुँच र समानता कायम गरिने छ ।

(छ) गरिबी निवारणको लागि सहकारीको माध्यमबाट पूँजी निर्माण गरी उत्पादनशील क्षेत्रमा लगानी बढाउने र रोजगारी सिर्जनाका लागि सहजीकरण गरिनेछ।

(ज) वन क्षेत्रको दिगो विकास, उपयोग, वातावरण संरक्षण गर्दै जलवायु परिवर्तनको प्रतिकुल असर न्यूनिकरण गरिनेछ।

(झ) प्रदेशको शान्ति सुरक्षालाई प्रभावकारी बनाउन समग्र सुरक्षा प्रणालीलाई सुदृढीकरण गरिनेछ।

(ञ) संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य मार्फत सन्तुलित विकासमा जोड दिइने छ।

(ट) प्रदेशको सुशासन र सेवा प्रवाहमा सुधार गर्न सबै संयन्त्रलाई प्रभावकारी बनाइनेछ।

सभामुख महोदय,

१८. अब म नेपालको संविधानको धारा ६० मा उल्लिखित व्यवस्था अनुसार वित्तीय हस्तान्तरण सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु।

१९. नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम प्रदेश र स्थानीय तहको अधिकार सूचीमा परेका विषयहरु तत् तत् तहबाट कार्यान्वयन हुने गरी राजस्व बाँडफाँड तथा अनुदान हस्तान्तरण हुने व्यवस्था मिलाएको छु। सशर्त र समपुरक अनुदान कार्य प्रगतिको आधारमा हस्तान्तरण गरिनेछ।

२०. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा वित्तीय समानीकरण अनुदानतर्फ स्थानीय तहलाई रु. १ अर्ब विनियोजन गरेको छु।

२१. सशर्त अनुदानतर्फ स्थानीय तहलाई रु. ७९ करोड १५ लाख विनियोजन गरेको छु।

२२. समपुरक अनुदान तर्फ स्थानीय तहलाई रू. १ अर्ब ३७ करोड विनियोजन गरेको छु ।

२३. राजस्व बाँडफाँडबाट स्थानीय तहमा रु. ८८ करोड हस्तान्तरण हुने अनुमान गरेको छु।

२४. अब म आगामी आर्थिक वर्षको प्रदेश सरकारको बजेटमा रहेका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्दछुः

कृषि क्षेत्रको रुपान्तरण, व्यवसायीकरण र विविधीकरण

२५. कृषि विकासका कार्यक्रमहरु ब्यवस्थित रुपमा संचालन गर्न प्रदेशको आगामी **दश वर्षे कृषि विकासको रणनीति** तर्जुमा गरी सोही अनुरुप

कार्यक्रमहरु संचालन गरिनेछ। खाद्य सुरक्षाका लागि उत्पादन र उत्पादकत्व बढाउन उन्नत बिउ-बिजनमा कृषकको पँहुच अभिबृद्धि गर्न बिउ प्रशोधन तथा भण्डारणको पुर्वाधार निर्माण, उन्नत प्रविधि प्रयोग गरी धान, मकै, दलहन, तेलहन र रैथाने वाली उत्पादन कार्यक्रम संचालनका लागि **रु. १३ करोड ५० लाख** बजेट विनियोजन गरेको छु।

२६. रासायनिक मलको परनिर्भरतालाई क्रमशः कम गर्ने उद्देश्यले प्राङ्गारिक मल उत्पादन पुर्वाधार विकास गर्न रु. ३ करोड बजेट विनियोजन गरेको छु। दिगो कृषि विकासका लागि माटोमा प्राङ्गारिक पदार्थ बृद्धि गर्न गडयौले मल उत्पादन, हरियो मल प्रवर्द्धन र माटो परीक्षण कार्यक्रमहरु संचालनको ब्यवस्था मिलाएको छु। प्राङ्गारिक मल प्रयोग प्रोत्साहन गर्न रु. १ करोड ५० लाख बजेट विनियोजन गरेको छु। प्राङ्गारिक खेती प्रवर्द्धन र विषादी प्रयोग न्यूनिकरणका लागि जैविक विषादी प्रयोग प्रवर्द्धन कार्यक्रम संचालनका लागि बजेट ब्यवस्था गरेको छु।

२७. वाली तथा पशुधनको वीमालाई सघन रुपमा संचालन गर्न स्थानीय तह र वीमा कम्पनीहरुसँग समन्वय गरी वाली तथा पशुधन वीमालाई अभियानका रुपमा प्रवर्द्धन गरिनेछ। वाली तथा पशुपंक्षी उत्पादनका विशेष ब्यवसायिक क्षेत्रहरुमा गरिने वाली र पशुपंक्षी वीमामा प्रदेश सरकारको तर्फवाट समेत प्रिमियममा अनुदान उपलब्ध गराउन रु. ३ करोड बजेट ब्यवस्था गरेको छु।

२८. साना किसानहरुलाई कृषि ब्यवसाय प्रवर्द्धन गर्न बैंक तथा वित्तीय संस्थाहरुवाट प्रदान गरिने कृषि कर्जामा ब्याज अनुदान उपलब्ध गराउन बजेट ब्यवस्था गरेको छु। विगतमा शुरुवात गरिएको **नव प्रवर्तन कृषि कार्यक्रम** अन्तर्गत कृषि ब्यवसाय स्थापना गर्न उपलब्ध

गराईने कर्जामा ब्याज अनुदानको लागि रु. ९ करोड बजेट विनियोजन गरेको छु।

२९. नेपाल सरकारले चालु आर्थिक वर्ष देखि शुरुवात गरेको **किसान सूचिकरण कार्यक्रम**लाई सबै स्थानीय तहमा विस्तार गर्न आवश्यक समन्वय र सहजिकरण गरिनेछ। किसान सूचिकरण प्रणाली अन्तर्गत सरकारी स्तरवाट किसानहरुलाई उपलब्ध गराउने सेवा सुविधालाई क्रमशः किसान परिचय पत्रसँग आवद्ध गर्दै लैजाने ब्यवस्था मिलाएको छु।

३०. **सरकारी, निजी र सहकारी कृषिमा प्रदेश सरकारको साझेदारी** भन्ने मुल नाराका साथ स्थान विशेषको भौगोलिक विशेषता, उत्पादन क्षेत्र विस्तार क्षमता, प्रशोधन र बजार संभाब्यताका आधारमा स्थानीय तह, कृषि सहकारी, कृषक समूह र निजी क्षेत्रसँगको सहकार्यमा **एक पालिका एक उत्पादन कार्यक्रम** सञ्चालनका लागि केही स्थानीय तहमा नमूना कार्यक्रमहरु शुरुवात गर्न बजेटको ब्यवस्था गरेको छु। **एक पालिका एक उत्पादन कार्यक्रम** मार्फत कृषि विकासमा प्रदेश सरकार र स्थानीय तहको संयुक्त प्रयासमा प्रदेशमा वाली र वस्तु विशेषका विशिष्टीकृत उत्पादन क्षेत्रहरुको क्रमशः विकास हुदै कृषि ब्यवसायिकरण र औद्योगिकीकरण हुने अपेक्षा गरेको छु। यस कार्यक्रमको लागि **रु. १३ करोड** विनियोजन गरेको छु।

३१. पशुपन्छी तथा माछामा नश्ल सुधार गरी दुध तथा माछा मासु उत्पादन बृद्धिका लागि उन्नत नश्लको सिमेन र माछाका भुरा खरिद गरी किसानहरुलाई सहज रुपमा उपलब्ध गराउन बजेट ब्यवस्था गरेको छु। पशु नश्ल सुधारका लागि **कृत्रिम गर्भाधान कार्यक्रम**लाई स्थानीय तहसँग समन्वय गरी थप प्रभावकारी रुपमा संचालन गर्न उक्त कार्यक्रमलाई निरन्तरता दिएको छु।

३२. पशुपन्छीमा लाग्ने विभिन्न प्रकारका महामारी नियन्त्रणका लागि तीनै तहका सरकारको समन्वय र सहकार्यमा कार्यक्रम संचालन गर्न बजेट ब्यवस्था गरेको छु। पशुपन्छीमा लाग्ने रोगहरुको न्यूनीकरण गर्न विभिन्न प्रकारका खोपको प्रवन्ध गरेको छु। प्रदेशलाई खोरेत रोग मुक्त वनाउन रोगको बढी प्रकोप देखिएको क्षेत्रमा अभियानकै रुपमा खोप कार्यक्रम संचालन गर्न बजेट ब्यवस्था गरेको छु।

३३. पशुजन्य उत्पादन बृद्धिका लागि आहारा तथा घाँसखेती प्रवर्द्धन गर्न ब्यवसायिक पशुपालन फार्महरुमा घाँसको बिउ, वेर्नाको ब्यवस्था गर्नुका साथै गुणस्तरीय साईलेज उत्पादन तथा पशु आहारा परीक्षण गर्न ब्यवसायिक पशुपालन फार्महरुसँग सहकार्य गरिनेछ।

३४. प्रदेशमा उत्पादन हुने पशुपंक्षीको मासु प्रशोधन मार्फत मूल्य अभिबृद्धि गरी आन्तरिक र वाह्य बजार विस्तार गर्न सहकारी संस्थाहरुसँगको सहकार्यमा मासु प्रशोधन उद्योगको संभाव्यता अध्ययन गरी स्थापनाको कार्य शुरुवात गर्न बजेट ब्यवस्था गरेको छु।

३५. प्रदेशमा उत्पादन हुने उच्च मूल्ययुक्त वाली अदुवा, अलैची, चिया, सुपारी, रुद्राक्ष आदिको मूल्य अभिबृद्धि र बजार प्रवर्द्धन गर्न रु. ५ करोड बजेट विनियोजन गरेको छु।

३६. **व्यावसायिक कृषिको अवलम्बन, स्वरोजगारीको साधन** भन्ने ध्येयका साथ कृषि तथा पशुपन्छीजन्य वस्तु उत्पादन गरी स्थानीय स्तरमा नै स्वरोजगार हुन चाहने युवाका लागि **तरकारी, च्याउ र मह उत्पादन तथा पशुपन्छी पालन कार्यक्रम** संचालनका लागि आवश्यक बजेटको ब्यवस्था गरेको छु। साथै स्थान विशेषको संभाब्यताका आधारमा सहकारी मार्फत पशुपन्छी पालनलाई प्रोत्साहन गरिनेछ।

३७. ब्यावसायिक रुपमा दुध, चैते धान र मकै उत्पादन गर्ने विशेष उत्पादन क्षेत्रहरुमा **उत्पादनका आधारमा प्रोत्साहन** उपलब्ध गराउने ब्यवस्था गरेको छु। दुध उत्पादक किसानलाई **प्रति लिटर दुई**

**रुपैयाका** दरले किसानलाई सोझै प्राप्त हुने गरी उत्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था मिलाएको छु । आलु, प्याज, लसुन, गोलभेडा लगायतका तरकारी तथा फलफुलको आयातलाई प्रतिस्थापन गर्न उत्पादन प्रवर्द्धनका लागि प्रोत्साहन गरिनेछ । उत्पादनमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराउन रु. **१२ करोड ४५ लाख** ब्यवस्था गरेको छु।

३८. किसानबाट उत्पादन गरिएका उच्च मूल्यका कृषि उपजलाई मूल्य श्रृंखलामा आवद्ध गर्न संकलन, प्रशोधन, प्याकेजिङ्ग, प्रमाणिकरण आदिमा सहयोग गर्न एकीकृत बजारीकरण मोडेलको अवधारणा अनुरुपका नमूना कार्यक्रमहरु सञ्चालन गरिने छ । यस्ता कार्यक्रममा संलग्न हुने स्थानीय तह र सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि र पुर्वाधार विकासका लागि बजेट ब्यवस्था गरेको छु ।

३९. स्थानीय तहसँगको समन्वयलाई थप प्रभावकारी बनाई पशु सेवा र कृषि प्रसार सेवालाई अधिकतम किसान घरधुरी सम्म पुऱ्याउन कृषि र पशुसेवा तालिम, प्रयोगशालाहरुको स्तरोन्नती, स्थानीय तहमा कार्यरत कृषि र पशु सेवाका प्राविधिक तथा ब्यवसायिक किसानको क्षमता अभिवृद्धि जस्ता कार्यक्रमहरु सञ्चालन गरिने छ । साथै प्रदेश सरकार मातहत रहेका प्रयोगशाला र फार्महरुको पुर्वाधार सुदृढीकरण मार्फत विशिष्टीकृत केन्द्रको रुपमा सेवा प्रवाहलाई फार्म भन्दा वाहिर विस्तार गरी स्थानीय स्तरमा कृषि प्रविधि प्रसार गर्न आवश्यक ब्यवस्था मिलाएको छु ।

४०. प्रदेशमा रहेका विभिन्न सडक सञ्जालको प्रभाव क्षेत्र भित्र रहेका उन्नत प्रविधिमा पँहुच कम भएका किसानलाई मौसमी तथा बेमौसमी तरकारी उत्पादन र पशुपालन ब्यवसाय प्रवर्द्धनका लागि समूह तथा सहकारी मार्फत आयस्तर अभिवृद्धि कार्यक्रम संचालन गरिने छ। साथै

भौगोलिक क्षेत्र अनुसार विभिन्न फलफूल बालीको नयाँ बगैंचा स्थापना तथा सुदृढीकरण कार्यक्रमहरु सञ्चालन गरिने छ ।

४१. प्रदेश उद्योग वाणिज्य महासंघ **कृषि उद्यम केन्द्र**सँगको सहकार्यमा कृषि उत्पादनमा बृद्धि, भण्डारण, प्रशोधन र बजारिकरणको व्यवस्था मिलाइने छ ।

४२. **कृषि क्षेत्रको रुपान्तरण, व्यवसायीकरण र विविधीकरणका लागि जम्मा रु. २ अर्ब ५९ करोड २३ लाख विनियोजन गरेको छु।**

## उद्योग तथा वाणिज्य क्षेत्र

४३. **"उद्योगको दिगो विकास, आत्म निर्भर अर्थतन्त्रको अभ्यास"** भन्ने नाराका साथ उद्योग तथा वाणिज्य फर्म दर्ता, नविकरण लगायतका कार्यहरुलाई प्रभावकारी बनाउन घरेलु तथा साना उद्योग कार्यालयहरूबाट प्रदान गरिने सेवालाई अनलाइन प्रणालीमा आबद्ध गर्ने कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु । साथै प्रदेशको औद्योगिक प्रोफाइल तयार गरी उपयोगमा ल्याइनेछ ।

४४. लघु, घरेलु तथा साना उद्यमीलाई आफ्नो उद्यमको क्षमता अभिवृद्धिका लागि आवश्यक पर्ने पुँजी, प्रविधि र सूचनामा सहज पहुँच पुर्‍याउन विकास साझेदारसँगको सहकार्यमा **उद्यमशीलता विकास कार्यक्रम** संचालन गरिनेछ ।

४५. धनकुटा स्थित औद्योगिक ग्राममा आउन इच्छुक उद्योगहरुलाई प्रविधि हस्तान्तरणको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु। नेपाल सरकार तथा स्थानीय तहको सहकार्य एवं साझेदारीमा थप औद्योगिक ग्राम स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

४६. नेपाल सरकारसँगको सहकार्यमा प्रादेशिक विशेष आर्थिक क्षेत्रको संभाव्यता अध्ययनका लागि रकम विनियोजन गरेको छु। साथै उदयपुर सिमेन्ट कारखानाको उत्पादन क्षमता अभिबृद्धि र क्लिङ्कर उत्पादन गरी निर्यात प्रवर्द्धन गर्न संभाव्यता अध्ययनका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

४७. नेपाल सरकारसँगको सहकार्यमा आवश्यक कानून तर्जुमा गरी घरेलु मदिरा व्रान्डिङको लागि बजेट व्यवस्था गरेको छु ।

४८. प्रदेशमा औद्योगिक प्रदर्शनी स्थल निर्माणको संभाव्यता अध्ययन गरी निर्माण शुरु गर्नका लागि बजेट विनियोजन गरेको छु । निजी क्षेत्रको छाता संगठन उद्योग वाणिज्य महासंघ प्रदेश स्तरीय समितिको पूर्वाधार निर्माणमा सहयोग गर्ने व्यवस्था मिलाएको छु ।

४९. प्रदेश भित्र बाँस खेती प्रवर्द्धन गरी कृषकको आय आर्जन वृद्धि गर्न सरोकारवालासँगको सहकार्यमा बेम्बो फेसिलिटी सेन्टर स्थापनाका लागि सहयोग गर्न बजेट रु. ३ करोड विनियोजन गरेको छु।

५०. प्रदेशको पहिचानको रुपमा उत्पादन हुने अल्लो, खाँडी र ढाका लगायतको उद्योगहरुलाई प्रोत्साहन दिइ उत्पादन वृद्धि गर्न व्यावसायिक उद्योगको रुपमा विकास गर्नका लागि आवश्यक तालिमको वन्दोवस्त गरेको छु।

५१. तीनै तहका सरकारको समन्वय र सहकार्यमा प्रदेशमा रहेका खानी एवम् खनिज अन्वेषण र उत्खननका लागि आवश्यक नीति, कानून, मापदण्ड तर्जुमा गरिने छ ।

५२. अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धि सूचना संकलन, बिश्लेषण र प्रक्षेपण गर्ने प्रणालीको विकासका लागि आवश्यक रकम व्यवस्था गरेको छु।

५३. संघ, प्रदेश र स्थानीय तह एवम् सरोकारवालाको संयुक्त सहभागितामा उपभोक्ता हित संरक्षण सम्बन्धी सूचना प्रवाह तथा सचेतना कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्ने आवश्यक बजेट व्यवस्था गरेको छु ।

## श्रम तथा रोजगार क्षेत्र

५४. स्वरोजगार अभिवृद्धिका लागि व्युटिशियन, सिकर्मी, डकर्मी, हजाम, इलेक्ट्रिशियन, प्लम्विङ एवम् अन्य सिपयुक्त प्राविधिकहरु उत्पादन गर्न तालिम कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरेको छु । आगामी वर्ष रोजगार सूचना केन्द्रको सुदृढीकरण गरिनेछ। साथै प्रदेश रोजगार नीति निर्माण गर्न आवश्यक वजेट व्यवस्था गरेको छु।

५५. श्रमिक र रोजगारदाता बीच सहजीकरण गर्न प्रदेश श्रम सल्लाहकार परिषदलाई थप क्रियाशील बनाइने छ। श्रमिकको सामाजिक सुरक्षा र सामाजिक संवाद सम्बन्धि प्रादेशिक नीति एवम् कानुन निर्माणका लागि आवश्यक वजेट व्यवस्था गरेको छु।

५६. **उद्योग, वाणिज्य, श्रम तथा रोजगार क्षेत्रका लागि जम्मा रु. ४६ करोड ८८ लाख विनियोजन गरेको छु ।**

## सडक पूर्वाधार तथा शहरी विकास

५७. प्रदेशको आर्थिक, सामाजिक रुपान्तरणका लागि महत्वपूर्ण स्थानहरुलाई जोड्ने गरी थालनी भएका ६६ वटा प्रादेशिक लोकमार्ग, सडक पुलहरू र प्रादेशिक रणनीतिक सडकलाई प्राथमिकतामा राखी आवश्यक बजेट विनियोजन गरेको छु । अधिकांश प्रादेशिक लोकमार्गको निर्माण कार्य आगामी आर्थिक वर्षमा सम्पन्न हुने गरी रु. ५ अर्ब बिनियोजन गरेको छु। साथै १५ वटा महत्वपूर्ण सडक आयोजनाहरुलाई प्रदेश लोकमार्गमा स्तरोन्नति गर्ने व्यवस्था मिलाएको छु।

५८. सडक यातायातले नछोएका प्रदेशका स्थानीय तहको केन्द्रलाई राष्ट्रिय राजमार्ग वा अन्य कालोपत्रे सडकसँग जोड्ने रणनीतिक सडकहरुको निर्माण कार्यलाई प्राथमिकतामा राखेको छु। उक्त कार्य यसै आर्थिक वर्षबाट शुरु गर्नका लागि रु. ४४ करोड विनियोजन गरेको छु ।

५९. दुर्गम पहाडी तथा हिमाली क्षेत्रका मुख्य तथा सहायक पदमार्गमा पर्ने नदीमा क्रमागत र नयाँ गरी १०० वटा झोलुङ्गे पुलहरु निर्माण गर्न रु. **२० करोड** विनियोजन गरेको छु ।

६०. ग्रामीण क्षेत्रमा रहेका सेवा केन्द्र र वस्तीहरुसम्म यातायात सुविधा पुऱ्याउन दातृ निकायको सहयोगमा यसै आर्थिक वर्ष देखि ग्रामीण पहुँच सुधार कार्यक्रम (RCIP) संचालन गरिनेछ । यसका लागि रु. **१० करोड** विनियोजन गरेको छु ।

६१. पहाडी र अति दुर्गम जिल्लाहरुका ग्रामीण सडकहरुमा बाह्रै महिना यातायात संचालन गर्न १० वटा बेलीब्रिज निर्माणका लागि रु. ८ करोड बजेट व्यवस्था गरेको छु ।

६२. प्रदेशको राजधानी विराटनगर र ईटहरी तथा धरानलाई आधुनिक शहरको रुपमा विकास गर्न वृहत गुरुयोजना तयार गरी निर्माण कार्य प्रारम्भ गर्न आवश्यक बजेट व्यवस्था गरेको छु । ईटहरीको बाढी र डुवान समस्यालाई समाधान गर्न टेङ्ग्रा खोलालाई पथान्तरण गरी बुढी खोलामा मिसाउने कार्यका लागि सम्भाव्यता अध्ययन गरिने छ ।

६३. प्रदेश सरकारको मुख्य प्रशासनिक संरचना निर्माणको गुरुयोजना तयार गरी यसै आर्थिक वर्षमा निर्माण कार्य शुरू गर्न रु. १ करोड व्यवस्था गरेको छु । केसलिया र सिंघिया खोलाको तटबन्ध, सौन्दर्यकरण र दुवै किनारामा कोरिडोर निर्माणको बिस्तृत सम्भाव्यता अध्ययन गरी कार्य आरम्भ गर्न आवश्यक बजेटको प्रबन्ध गरेको छु । विराटनगरको डुवान समस्या समाधानको लागि आवश्यक ढल निकासको उचित व्यवस्थापन गर्न सम्भाव्यता अध्ययन गरिने छ ।

६४. अति विपन्न र पिछडिएका घरपरिवारलाई सुरक्षित आवास व्यवस्थापन गर्न विगतदेखि संचालित जनता आवास निर्माण कार्यलाई निरन्तरता दिदै यसै आर्थिक वर्षमा २ हजार ४ सय घर निर्माण सम्पन्न गर्नका लागि रु. २५ करोड बजेट विनियोजन गरेको छु ।

६५. पूर्वाधार निर्माण तथा अन्य क्षेत्रमा संलग्न हुने प्राविधिक जनशक्तिलाई समयानुकुल दक्षता अभिबृद्धिका लागि **ईन्जिनियरिङ प्रशिक्षण केन्द्रको** स्थापना कार्यलाई अघि बढाइनेछ।

६६. सगरमाथासम्मको आवागमनलाई छोटो र सुरक्षित तुल्याउन नेपाल सरकारको बजेट बक्तव्यले समेत समेटेको नयाँ प्रविधिमा आधारित **सगरमाथा द्रुत मार्ग** निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ।

६७. प्राविधिक जनशक्तिको व्यावसायिक क्षमता अभिवृद्धि गर्नुको साथै पूर्वाधार निर्माणमा गुणस्तर कायम गर्न कम्तिमा दुई वटा परीक्षण प्रयोगशाला स्थापना गरी यसै आर्थिक वर्ष देखि संचालन गर्न बजेट प्रस्ताव गरेको छु ।

६८. ठूला भवनका संचरना निर्माणमा भवन संहिता कार्यान्वयन गर्नका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ । यसका लागि यसै आर्थिक वर्षमा ४६ वटा नगरपालिकाका प्राविधिक जनशक्तिलाई आवश्यक तालिम प्रदान गरिनेछ ।

६९. प्रदेशका बिभिन्न स्थानहरुमा निर्माणाधीन रंगशाला, संग्राहालय, खेलमैदान, सामुदायिक भवन तथा पहाडी क्षेत्रमा रहेका साना शहरहरुको सडक स्तरोन्नति तथा ढल निकासका लागि समेत बजेट विनियोजन गरेको छु ।

७०. माननीय प्रदेश सभा सदस्यहरुको समान भूमिका रहने गरी स्थानीय तह मार्फत कार्यान्वयन हुने निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको लागि **रु. ९० करोड** विनियोजन गरेको छु ।

७१. **सडक पूर्वाधार तथा शहरी विकासका लागि जम्मा रु. १२ अर्व ४१ करोड ८२ लाख विनियोजन गरेको छु।**

## खानेपानी, सिंचाई तथा उर्जा

७२. शुद्ध खानेपानीको पहुँच सुनिश्चित गर्न प्रदेशभित्र खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला स्थापना गरी संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७३. खानेपानी सेवा उपलब्ध नभएका स्थानहरुमा पम्प, लिफ्ट, डिप बोरिङ्ग तथा वर्षातको पानी संकलन मार्फत खानेपानी सेवा उपलब्ध गराउन आवश्यक प्रबन्ध गरेको छु ।

७४. प्रादेशिक खानेपानी क्षेत्र विशेष कार्यक्रम अन्तर्गत सम्वन्धित उपभोक्ता, प्रदेश सरकार तथा स्थानीय तहको लागत साझेदारीमा सहलगानी खानेपानी आयोजनाको सुरुवात गरिनेछ ।

७५. प्रदेश र स्थानीय तहको साझेदारीमा वास प्लान कार्यक्रम संचालन गरिने छ। प्रदेश खुला दिसामुक्त क्षेत्र घोषणा भइसकेकोले सबै जिल्लाका स्थानीय तह मार्फत पूर्ण सरसफाई कार्यक्रमलाई अघि बढाइने छ ।

७६. उपभोक्ताबाट संचालित तराई मधेशका रुग्ण ओभरहेड पम्पिङ्ग आयोजनाहरुलाई सम्पन्न गरी दिगो संचालनका लागि विशेष जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ। पहाडी क्षेत्रका

नागरिकलाई खानेपानी सेवा उपलव्ध गराउन विशेष व्यवस्था गरेको छु ।

७७. प्रत्येक नागरिकलाई आधारभूत खानेपानी सेवा उपलब्ध गराउन **एक घर एक धाराको** नीति अनुरुप संचालित खानेपानी आयोजनालाई प्राथमिकताका साथ सम्पन्न गर्न रु. १ अर्व ४ करोड बजेट विनियोजन गरेको छु ।

७८. सतह सिँचाइको पहुँच नपुगेका स्थानहरुमा नदी र भूमिगत अवस्थामा रहेका पानीको श्रोतलाई सौर्य ऊर्जा प्रयोग गरी पम्प तथा लिफ्ट प्रविधि मार्फत कृषियोग्य टार तथा फाँटमा सौर्य ऊर्जा सिँचाइ कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७९. जल उत्पन्न प्रकोपबाट सिर्जित वाढी, पहिरो, नदि कटान तथा डुवान क्षेत्रको अध्ययन पहिचान गरी आवश्यक संरचनाहरुको निर्माण र व्यवस्थापन गर्ने प्रबन्ध मिलाएको छु ।

८०. कन्काई, चन्दा मोहना लगायतका विद्यमान सिंचाइ आयोजनाहरुको हेडवर्क र सो सँग सम्वन्धित संरचनाहरुको नियमित मर्मत संभार गरी वर्षैभरी नहर संचालन गर्ने व्यवस्था मिलाएको छु ।

८१. अन्न भण्डारको रुपमा रहेको प्रमुख तीन जिल्ला झापा, मोरङ्ग र सुनसरीमा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन प्रदेश गौरव आयोजनाको रुपमा ठूला सिचाइ आयोजनाहरुको सम्भाव्यता अध्ययन गरिने छ।

८२. प्रदेशको मध्यपहाडी जिल्लाका ६० स्थानीय तहमा संघ, प्रदेश, स्थानीय तह र विकास साझेदारसँगको सहकार्यमा १ हजार रोपनीसम्म सिंचित क्षेत्रफल भएका साना सिंचाइ कार्यक्रम संचालन गरिने छ। यस कार्यक्रमबाट करिव ९ हजार ५ सय हेक्टर जमिनमा सिंचाइ

सुविधा उपलव्ध हुनेछ । यसका लागि **रू. ३४ करोड** बजेट विनियोजन गरेको छु ।

८३. विद्युतको माग तथा आपुर्ति लाई सन्तुलन कायम गर्न प्रदेशभित्र स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्दै २० मेगावाट सम्मका जलविद्युत आयोजना तथा सौर्य विद्युत उत्पादन आयोजना, सोलार रुफटप बाट समेत विद्युत उत्पादनको निम्ति आवश्यक प्रबन्ध मिलाइने छ।

८४. पेट्रोलियम पदार्थ र एल. पि. ग्याँसको प्रयोगलाई विस्थापित गरी विद्युतीय चुलोको प्रयोग गर्न प्रोत्साहित गरिने छ। सरकारी गैह्र सरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी विद्युतीय सवारी साधनहरुको प्रयोगलाई प्रवर्द्धन गर्न चार्जिङ्ग स्टेशन निर्माण प्रकृया अगाडि बढाईने छ।

८५. विद्युत सेवालाई भरपर्दो एवं सुरक्षित बनाउन काठको पोलहरुलाई विद्युत प्राधिकरण र स्थानीय तहसँगको सहकार्यमा क्रमशः विस्थापित गरिने छ। गुणस्तरीय र भरपर्दो विद्युत आपूर्ति गर्न प्रणाली सुदृढीकरणको कार्य गरी आगामी दुई वर्षभित्र सबै नागरिकको घरमा विद्युतको पहुँच पुर्याइने छ। प्रदेशभित्रका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरुमा सौर्य विद्युत समेत प्रयोग गरी सौन्दर्यीकरण गरिने छ।

८६. **सिंचाई, नदी व्यवस्थापन तथा खानेपानी र उर्जाको लागि जम्मा रु. ६ अर्व २ करोड ५६ लाख विनियोजन गरेको छु ।**

## यातायात सेवा र सवारी व्यवस्थापन

८७. यातायात प्रणालीलाई सुरक्षित, विश्वसनीय एवं प्रबिधियुक्त बनाई सेवालाई सहज र सर्वसुलभ बनाउन आवश्यक बजेट व्यवस्था गरेको छु ।

८८. यातायात कार्यालयहरुले प्रवाह गर्ने सेवालाई ब्यवस्थित, मर्यादित, सुरक्षित, सुबिधायुक्त र अपाङ्ग मैत्री बनाउन विर्तामोड, विराटनगर, उदयपुर, धनुकटा र ओखलढुङ्गा जिल्लाका यातायात कार्यालयको भवन निर्माण शुरु गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

८९. विराटनगर, धरान, ईटहरी, दमक, विर्तामोड र काँकडभिट्टा लगायतका मुख्य चौकहरुमा ट्राफिक लाईट जडान गर्न रु. १ करोड २५ लाख विनियोजन गरेको छु ।

९०. शहर सौन्दर्यीकरण र दुर्घटना न्यूनीकरण गर्ने अभिप्रायले प्रदेशका ठूला शहरहरुमा पार्किङ स्थल तथा वस पार्कलाई व्यवस्थित गरिने छ ।

## सूचना प्रविधि तथा सञ्चार

९१. सूचना प्रविधिको अधिकतम उपयोग गरी यस प्रदेशलाई डिजिटल प्रदेशको रुपमा विकसित गरिने छ। सञ्चारगृह, सञ्चारकर्मी र प्रेस जगतको व्यावसायिकता विकास गर्ने नीति अवलम्बन गरिने छ।

९२. पत्रकारितामा स्नातकोत्तर तहमा छात्रवृत्ति कार्यक्रम, श्रमजिवि पत्रकार लेखनवृत्ति विकास कार्यक्रम र पत्रकार महासंघको संस्थागत क्षमता विकास कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९३. नेपाल पत्रकार महासंघको प्रदेश स्तरीय कार्यालय र निर्माण गर्न बाँकी रहेका सबै जिल्लाका शाखा कार्यालयहरुको भवन निर्माण, मर्मत सम्भार र स्तरोन्नतिका निम्ति अनुदान दिने व्यवस्था मिलाएको छु ।

९४. चलचित्र विकास र प्रवर्द्धनको लागि प्रदेशको प्रमुख पर्यटकीय गन्तव्यमा चलचित्र छायाङ्कन स्थलको सम्भाव्यता अध्ययन र प्रदेशको पहिचान एवम् पर्यटन प्रवर्द्धन गर्ने चलचित्रहरुलाई प्रोत्साहन गर्नका लागि बजेट व्यवस्था गरेको छु।

९५. **यातायात सेवा, सवारी व्यवस्थापन, सूचना प्रविधि तथा सञ्चार क्षेत्रका लागि कुल रु. ३० करोड ५० लाख विनियोजन गरेको छु।**

## स्वास्थ्य सेवाको विस्तार

९६. प्रदेश सरकार मातहतका ताप्लेजुङ, पाँचथर, धनकुटा, उदयपुर अस्पताल र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरको स्तरोन्नति गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच वृद्धि गर्न **रू. २५ करोड ५० लाख** विनियोजन गरेको छु ।

९७. यसै आर्थिक वर्षबाट मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, मंगलबारेमा सीटी स्क्यान सहितको सेवा प्रारम्भ गर्ने व्यवस्था मिलाएको छु।

९८. **"स्वस्थ नागरिक, सक्षम प्रदेश"** भन्ने नाराका साथ प्रदेश सरकार मातहतका सबै अस्पतालहरूबाट गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चितताका लागि थप स्वास्थ्यकर्मीको व्यवस्थापन गर्न रू. १४ करोड बजेट विनियोजन गरेको छु । साथै नागरिकलाई निरन्तर रूपमा विशेषज्ञ सेवा प्रदान गर्ने उद्देश्यले चालु आर्थिक वर्ष देखि शुरु गरिएको विशेषज्ञ चिकित्सकका लागि प्रोत्साहन भत्तालाई निरन्तरता दिएको छु ।

९९. मेची अस्पताल भद्रपुरमा आगामी आर्थिक वर्षदेखि **न्यूरो सर्जरी सेवा शुरु गरिने छ। फिजियोथेरापी सेवा लगायतका** अन्य सेवाहरूको विस्तार गर्दै प्रादेशिक अस्पतालका रूपमा स्तरोन्नति गरी **सेन्टर फर एक्सिलेन्सका** रूपमा विकास गरिने छ। साथै हाल सञ्चालनमा रहेको चिकित्सा सेवालाई सहज र सुलभ बनाउन टेलिमेडिसिन सेवा समेत

सञ्चालनमा ल्याइनेछ। **रेफरल सेवालाई** थप व्यवस्थित गरिने छ । मेची अस्पतालको सुदृढीकरणका लागि **रू. १८ करोड** विनियोजन गरेको छु।

१००. आयुर्वेद, होमियोप्याथी, प्राकृतिक चिकित्सा एवं अन्य बैकल्पिक चिकित्सा सेवा एकीकृत तथा एकद्वार प्रणालीबाट उपलब्ध गराउन बजेट प्रबन्ध गरेको छु।

१०१. यसै आर्थिक वर्षबाट कमल गाउँपालिकाको लखनपुरमा पचास शैयाको प्रादेशिक आयुर्वेद अस्पताल संचालन गर्न रू. २ करोड ५६ लाख बजेट विनियोजन गरेको छु।

१०२. भविष्यमा देखा पर्न सक्ने विभिन्न किसिमका संक्रामक रोगहरुको प्रदेश भित्रै रोकथाम तथा उपचारको व्यवस्था गर्न कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रलाई **प्रदेश स्तरीय संक्रामक रोग तथा सघन उपचार केन्द्रका रूपमा** संचालन गरिने छ।

१०३. नागरिकहरुले रोग निदान सेवाका लागि अन्यत्र धाउनु पर्ने अवस्थाको अन्त्य गर्न विराटनगरमा रहेको प्रदेश जनस्वास्थ्य प्रयोगशालाको सेवालाई विस्तार गरी रिफरेन्स ल्याबका रूपमा विकास गर्न रू. ५ करोड ६१ लाख विनियोजन गरेको छु।

१०४. महिला, बालबालिका तथा किशोरीको पोषणको अवस्था सुधार गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिदै सुत्केरी महिलाका लागि पोषण कार्यक्रममा रू. ५ करोड बजेट विनियोजन गरेको छु। साथै प्रदेश सरकार मातहतका अस्पतालहरूबाट गर्भवती महिलाहरूको पूर्व प्रसुति सेवा, प्रसुति सेवा तथा प्रसुति पश्चात गरिने परीक्षणहरू लगायतका सम्पूर्ण स्वास्थ्य सेवाहरुलाई निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

१०५. गर्भवती महिलाहरुका लागि एम्बुलेन्स सेवा उपलब्ध हुन नसकी मृत्युवरण समेत गर्नुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गर्नका लागि प्रदेश सरकारले पहिलो पटक नि:शुल्क एम्बुलेन्स सेवा शुरुवात गर्न आवश्यक प्रबन्ध मिलाएको छु।

१०६. स्थानीय तहसँगको सहकार्यमा **एक वडा एक वर्थिङ्ग सेन्टर** स्थापना तथा सुदृढीकरणका लागि रू. ४ करोड विनियोजन गरेको छु । साथै स्थानीय स्तरमा रहेका आधारभूत स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र र नगर अस्पतालहरुको स्थानीय तहसँगको सहकार्यमा सवलीकरणका लागि रू. ३ करोड विनियोजन गरेको छु ।

१०७. हेमोफेलिया, थालेसेमिया र अटिजम रोग सम्वन्धी कार्य गर्ने विभिन्न संघ संस्थाहरुको समन्वय र सहकार्यमा उपचारका लागि आवश्यक बजेटको प्रवन्ध मिलाएको छु ।

१०८. बालबालिकाको पोषण र किशोर किशोरीको यौन तथा प्रजनन एवं मानसिक स्वास्थ्य लगायत समग्र पक्षमा सुधार गरी स्वस्थ नागरिक बनाउने उद्देश्यका साथ प्रत्येक स्थानीय तहका एउटा माध्यमिक विद्यालयमा संचालित विद्यालय नर्सिङ्ग सेवा कार्यक्रमलाई निरन्तरता दिएको छु । उक्त कार्यक्रमका लागि रू. ७ करोड ७४ लाख बजेट विनियोजन गरेको छु ।

१०९. महिलामा देखिने आङ खस्ने रोग र अब्स्ट्रेटिक फिस्टुलाको नि:शुल्क शल्यक्रियाको व्यवस्था मिलाएको छु । साथै पाठेघर तथा स्तन क्यान्सरको नि:शुल्क परीक्षण गर्न आवश्यक प्रबन्ध मिलाएको छु ।

११०. प्रदेशमा बालवालिकाको उपचारको लागि दमकमा बाल अस्पताल स्थापना गर्न काठमाडौ इन्स्टिच्युट अफ चाइल्ड हेल्थलाई रू. ३ करोड पुँजीगत अनुदान दिने व्यवस्था मिलाएको छु ।

१११. **स्वास्थ्य सेवाका लागि रु. ३ अर्व ६७ करोड ७७ लाख विनियोजन गरेको छु।**

## सामाजिक विकास

११२. विद्यालय शिक्षाको गुणस्तर सुधार गरी उत्पादनमुखी एवं रोजगारमुलक बनाई प्रतिष्पर्धी बनाउन **मुख्यमन्त्री शैक्षिक सुधार** कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै भौतिक सुविधाको विस्तार एवं शिक्षामा सूचना

प्रविधिको प्रयोग र प्रवर्द्धन गर्नका लागि रु. ९ करोड ६५ लाख बजेट विनियोजन गरेको छु ।

११३. उत्कृष्ट व्यवस्थापन र नतिजा भएका सामुदायिक विद्यालयलाई प्रोत्साहन गर्न प्रत्येक जिल्लाबाट एक एक वटा विद्यालय छनौट गरी प्रति विद्यालय रु. १० लाखका दरले पुरस्कृत तथा प्रोत्साहन गर्न बजेट विनियोजन गरेको छु।

११४. विद्यालयको सिकाईलाई गुणस्तरीय र व्यावहारिक बनाउन स्वयंसेवक विज्ञान शिक्षकका लागि दिइदै आएको अनुदानको कार्यक्रमलाई निरन्तरता दिएको छु । साथै प्रत्येक जिल्लामा एक/एक वटा विज्ञान प्रयोगशाला स्थापना गर्ने व्यवस्था मिलाएको छु । विज्ञान शिक्षक अनुदान र प्रयोगशालाका लागि रु. २ करोड ११ लाख बजेट विनियोजन गरेको छु ।

११५. सामाजिक र व्यावहारिक ज्ञान, सीप प्रदान गर्न बालमैत्री आधारभूत विद्यालय विकास कार्यक्रम र विद्यालयमा स्काउट विकासका कार्यक्रमहरु सञ्चालनका लागि बजेट व्यवस्था गरेको छु ।

११६. समुदायमा रहेका नवसाक्षरहरुलाई स्थानीय तहको समन्वयमा निरन्तर शिक्षाका कार्यक्रमहरु सञ्चालन मार्फत जीवनपर्यन्त सिकाइलाई आवद्ध गरिने छ । आगामी आर्थिक वर्षमा प्रदेशलाई पूर्ण साक्षर प्रदेश घोषणा गरिने छ । यसका लागि आवश्यक प्रबन्ध गरेको छु ।

११७. औपचारिक, अनौपचारिक वा अतिरिक्त तरिकाले व्यावसायिक शिक्षा र तालिम लिएका व्यक्तिलाई राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली अन्तर्गत सीप परीक्षण गराई सम्मानजनक रोजगारीका अवसर वृद्धि गर्ने कार्यक्रमलाई आवश्यक बजेट विनियोजन गरेको छु ।

११८. "**प्राविधिक शिक्षामा लगानी, समृद्ध प्रदेशको बिहानी**" भन्ने नाराका साथ प्रदेश भित्र सञ्चालनमा रहेका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदान गर्ने शिक्षालय र विद्यालयहरुको भौतिक तथा

व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी प्रयोगात्मक र व्यावहारिक सिकाइको सुनिश्चितताका लागि रु. ४ करोड ६५ लाख बजेट व्यवस्था गरेको छु ।

११९. अनौपचारिक तथा औपचारिक क्षेत्रमा कार्यरत र वेरोजगार युवाहरुलाई लक्षित गरी रोजगार र स्वरोजगारको अवसर सिर्जना गर्न कार्यगत अभ्यास सहितको तालिम र छोटो अवधिको व्यावसायिक तालिम सञ्चालन गर्ने गरी बजेट विनियोजन गरेको छु ।

१२०. शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्न र विद्यार्थी सिकाई उपलब्धी सुधारका लागि प्रधानाध्यापकलाई व्यवस्थापन तथा सञ्चालन तालिम, शिक्षकलाई सेवा प्रवेश र सेवाकालिन तालिम, विज्ञान प्रविधि, इन्जिनियरिङ्ग र गणितको (STEM) तालिम सञ्चालनका लागि आबश्यक बजेटको व्यवस्था गरेको छु ।

१२१. मनमोहन प्राविधिक विश्वविद्यालयलाई प्रदेश गौरवको शैक्षिक संस्थाको रुपमा विकास गर्न इन्जिनियरिङ र स्वास्थ्य विषयको स्नातक तहको अध्ययन प्रभावकारी बनाउन **रु. १७ करोड** विनियोजन गरेको छु । प्रादेशिक चिकित्साशास्त्र अध्ययन प्रतिष्ठान स्थापना गर्न विस्तृत संभाव्यता अध्ययनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१२२. उच्च शिक्षामा लगानी अभिवृद्धि गरी गुणस्तरीय रोजगारमुलक शिक्षाको सुनिश्चितताको लागि सामुदायिक क्याम्पस सुदृढीकरण गर्न पूँजीगत एवं संचालन अनुदानका लागि रु. १० करोड ४५ लाख विनियोजन गरेको छु।

१२३. शिक्षाको गुणस्तरलाई प्रारम्भिक तहदेखिनै मजबुत बनाउँदै लैजान स्थानीय तहसँगको साझेदारीमा प्रदेश स्तरीय नमुना माध्यमिक विद्यालय र बालमैत्री आधारभूत विद्यालय विकास, व्यवस्थापन र सञ्चालन गर्ने कार्यका लागि रु. ९ करोड २५ लाख बजेट विनियोजन गरेको छु ।

१२४. प्रदेशमा खेलकुद पूर्वाधार विकास र खेलकुद गतिविधिलाई विद्यालय तहबाटै विकास गर्न, राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडीलाई पुरस्कृत गर्न तथा खेल विकास एवं खेलाडीको क्षमता विकास गर्न रु. १५ करोड बजेट विनियोजन गरेको छु ।

१२५. खेलकुदको केन्द्र रहेको इटहरी रंगशालामा सन्ध्याकालीन समयमा समेत फुटबल लगायतका खेल अभ्यास र प्रतियोगिता सञ्चालन गर्न **फ्लड लाइट** जडानका लागि गर्न बजेट विनियोजन गरेको छु । कमल गाउँपालिका स्थित आदिवासी रंगशाला निर्माणको निम्ति बजेट ब्यवस्था गरेको छु ।

१२६. महिला, बालबालिका, ज्येष्ठ नागरिक, आदिवासी-जनजाति, लोपोन्मुख, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, दलित, संरक्षण विहिन व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, एकल महिला, मधेसी, मुस्लिम लगायत पछि परेका वर्ग र समुदायको विकासका लागि लक्षित वर्ग मैत्री कार्यक्रममा बजेट व्यवस्था गरेको छु ।

१२७. लैंगिक हिंसा पीडित महिला तथा बालिकाको संरक्षणका लागि प्रदेश सरकारद्वारा सञ्चालित दीर्घकालीन पुनर्स्थापना गृहका साथै स्थानीय स्तर र जिल्लास्तरमा स्थानीय तह र सामाजिक विकास संस्था मार्फत सञ्चालनमा रहेका अल्पकालीन सुरक्षित आवास गृह सञ्चालनका लागि रु. १ करोड ४० लाख विनियोजन गरेको छु ।

१२८. हाल ५८ स्थानीय तहमा सञ्चालनमा रहेको प्रदेश सरकार, स्थानीय तह र साझेदार संस्थाको त्रिपक्षीय लागत साझेदारीमा सञ्चालित **अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम**का लागि रू. १३ करोड बजेट विनियोजन गरेको छु ।

१२९. ज्येष्ठ नागरिकहरूको ज्ञान तथा अनुभव प्रवाह (Knowledge Sharing) कार्यक्रम सञ्चालन गर्न, स्थानीय तहसँगको सहकार्यमा जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालनमा सहयोग गर्न, ज्येष्ठ नागरिकहरूको संरक्षण

र सम्मान सहितको पुनःस्थापनाका लागि नेपाल सरकार तथा स्थानीय तहसँगको सहकार्यमा ग्रामथान गाउँपालिकामा प्रदेशकै नमूना ज्येष्ठ नागरिक ग्राम स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१३०. सन् २०२५ सम्ममा बालविवाहमुक्त प्रदेश निर्माण गर्ने अभियानलाई सफल पार्न माध्यमिक तहमा अध्ययनरत किशोरीहरूको प्रत्यक्ष संलग्नतामा सबै स्थानीय तहको सहकार्यमा एक एक वटा सामुदायिक माध्यमिक विद्यालयहरूमा **किशोरी सशक्तिकरण कार्यक्रम** सञ्चालनका लागि रू. १ करोड बजेट विनियोजन गरेको छु ।

## महिला, बालबालिका, जेष्ठ नागरिक तथा समावेशीकरण

१३१. प्रदेश सरकार तथा स्थानीय तहको साझेदारीमा सञ्चालन गरिएको एकल महिला उद्यमशीलता विकास कार्यक्रमलाई थप स्थानीय तहहरूमा विस्तार गरी विपन्न आदिवासी, दलित र सीमान्तकृत महिलाको आर्थिक शसक्तीकरणका लागि रु. १ करोड ८३ लाख विनियोजन गरेको छु । सफल तथा उत्कृष्ट उद्यमशील महिलालाई प्रोत्साहन गर्ने व्यवस्था मिलाएको छु ।

१३२. लैङ्गिक हिंसा न्यूनीकरण गर्न सुरक्षा निकाय, संघसंस्था र स्थानीय तहसँगको साझेदारीमा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

**१३३. सामाजिक क्षेत्रका लागि कुल रु. २५ करोड विनियोजन गरेको छु।**

## पर्यटन

१३४. आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न प्रादेशिक पर्यटन गुरुयोजना निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु। प्रदेश स्तरीय पर्यटकीय गन्तव्यहरुको प्रवर्द्धन तथा प्रचारप्रसारको लागि सूचना

प्रविधिमैत्री वेभमा आधारित डिजिटल पोर्टल र मोवाइल एप्स निर्माण गरिने छ। प्रदेशका प्रमुख नाका, विमानस्थलमा प्रदेशको महत्व झल्कने कला, संस्कृति र पर्यटकीय गन्तव्यहरुको प्रचार सामग्री तथा डिजिटल डिस्प्ले राख्न आवश्यक बजेट विनियोजन गरेको छु।

१३५. पदमार्गमा आधारित पर्यटन विकास आयोजनालाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको छ । प्रदेश गौरव आयोजनाको रुपमा रहेको मुन्धुम पदमार्ग निर्माण कार्य यसै आर्थिक वर्षमा सम्पन्न गर्न बजेट विनियोजन गरेको छु। साथै थप ४ वटा पदमार्गहरुको निर्माण कार्य आरम्भ गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१३६. प्रदेशका प्रमुख पर्यटकीय गन्तब्यहरुको विकास, ब्राण्डिङ र बजारीकरण गर्न स्थानीय तहमा रहेका पर्यटन सम्बद्ध संस्था तथा निजी क्षेत्रसँग सहकार्य तथा साझेदारीमा कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

१३७. पर्यटकको वसाई अवधि बढाउन तथा गुणस्तरीय पर्यटन प्रबर्द्धन गर्न सरोकारवालाहरुको समन्वयमा लामो तथा छोटो अवधिको भ्रमण प्याकेज निर्माण गरी कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

१३८. संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा विराटनगर विमानस्थलको विस्तार र स्तरोन्नती कार्य अगाडी बढाउन र विराटनगरबाट अन्तरप्रदेश तथा प्रदेशभित्रका पहाडी जिल्लाका विमानस्थलहरुमा हवाई उडान एवम् माउण्टेन फ्लाइट सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाएको छु।

१३९. धार्मिक, सांस्कृतिक एवं पर्यटकीय क्षेत्रहरुमा केवलकार सञ्चालन र हिल स्टेसनको सम्भाव्यता अध्ययन गर्न बजेट बिनियोजन गरेको छु।

१४०. बराहक्षेत्रको कोशी कोकाह नदीको संगममा सुनसरी, उदयपुर र धनकुटा जोड्ने गरी आकर्षक झोलुंगे पूलको निर्माण कार्य शुरु गर्नका लागि रु. २ करोड बिनियोजन गरेको छु ।

१४१. सुर्योदय नगरपालिका, साँगुरीगढी गाउँपालिका र खुम्बु पासाङ्ग ल्हामु गाउँपालिकालाई नमुना पर्यटकीय पालिकाको रुपमा विकास गरिने छ। नेपाल सरकारले पहिचान गरेका १६ पर्यटकीय गन्तव्य तथा प्रदेशका अन्य महत्वपूर्ण पर्यटकीय गन्तव्यको समेत पहिचान गरी प्रदेशको पर्यटकीय ब्राण्ड स्थापित हुने गरी पुर्वाधार निर्माणको लागि बजेट विनियोजन गरेको छु।

१४२. मुसाफिरखाना र सन्सारीमाईको निर्माण कार्य सम्पन्न गर्न साथै सिलौटी लब्रेकुट्टी र कोशी मत्स्यगन्धा फनी पार्कको पूर्वाधार निर्माणको लागि रु. १८ करोड बजेट विनियोजन गरेको छु।

१४३. प्रदेश भित्रका होमस्टे सञ्चालकहरुलाई अभिमुखीकरण तालिम तथा नयाँ पर्यटकीय गन्तव्यहरुमा सामुदायिक होमस्टे स्थापना तथा सञ्चालन गर्न प्रोत्साहनका लागि होमस्टे शिक्षा तथा व्यवस्थापकीय सामग्रीहरु वितरणको लागि बजेट विनियोजन गरेको छु।

१४४. पर्वतारोहण र पर्यटनको अध्यापनको निम्ति छुट्टै महाविद्यालय स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ । खेल पर्यटन प्रवर्द्धन गर्नका लागि निजी क्षेत्रसंग समन्वय र सहकार्य गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

## संस्कृति

१४५. प्रदेश प्रज्ञा प्रतिष्ठान गठन गर्न साथै भाषा, साहित्य, कला सम्वन्धी प्रादेशिक नीति तर्जुमा गर्न बजेट विनियोजन गरेको छु। भाषा, साहित्य, कला क्षेत्रमा सक्रिय प्रदेशभित्रका श्रष्टालाई सम्मान तथा वृत्ति विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१४६. ऐतिहासिक, पुरातात्विक, धार्मिक महत्वका गढी, थुम, किल्ला, मुन्धुम मठमन्दिर, गुम्बा लगायतका सांस्कृतिक धरोहरको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१४७. प्रदेश भित्र मनाईने विभिन्न जातजातिका धार्मिक, सांस्कृतिक पर्व, रथयात्रा, जात्रा, मेला, दिवस, महोत्सव प्रवर्द्धन गरिनेछ । प्रदेशभित्रका

मौलिक भाषा, धर्म, संस्कृति परम्पराहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गर्न र सरोकारवालाहरुसँग छलफल, अन्तर्क्रियाका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु।

१४८. प्रदेशभित्रका लोपोन्मुख, सीमान्तकृत, अल्पसंख्यक जातिहरुको अध्ययन अनुसन्धान गर्न, किराँत सभ्यताको खोज अध्ययन गर्न, परम्परागत भाषा, लिपी, सँस्कृतिको संरक्षण गर्न तथा ऐतिहासिक, धार्मिक, पुरातात्विक, साँस्कृतिक स्थलहरुको अभिलेखीकरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१४९. धनकुटास्थित प्रादेशिक संग्रहालयलाई बहुसाँस्कृतिक संग्रहालयको रुपमा स्तरोन्नती गर्न तथा प्रदेशभित्रका विभिन्न जातीय सांस्कृतिक संग्रहालयहरुको व्यवस्थापकीय सहयोगका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१५०. भाषा आयोगले सिफारिस गरेको भाषालाई प्रदेश सरकारको कामकाजी भाषाको रुपमा कार्यान्वयन गर्न अध्ययन गरी आवश्यक कानुन निर्माणको प्रकृया अगाडी बढाइने छ ।

**१५१. पर्यटन तथा संस्कृतिका लागि रु. १ अर्व १३ करोड ९८ लाख विनियोजन गरेको छु।**

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण

१५२. प्रदेश अन्तर्गत रहेका गरिव घरपरिवारको पहिचान गरी तथ्यांक अद्यावधिक गरिनेछ ।

१५३. विभिन्न निकायबाट तालिम लिइ घर वसेका अति विपन्न बेरोजगार सीपयुक्त जनशक्तिलाई स्वरोजगार वनाउन पुंजी र प्रविधिमा सहज पहुँच उपलब्ध गराउन **प्रदेश नमूना स्वरोजगार कार्यक्रम** सञ्चालन गर्नको लागि बजेट विनियोजन गरेको छु ।

१५४. भूमिहीन सुकुम्वासीहरुको जिविकोपार्जनका लागि परम्परागत पेशाको संरक्षण र प्रवर्द्धन गरी आय आर्जनको अवसर उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

१५५. **“सहकारीताको साथ समृद्धिको गन्तव्य”** को अभियानका साथ सहकारी संघ संस्थामा संकलित नागरिकहरुको वचत रकमको सुरक्षा एवम् सदुपयोग सुनिश्चितताका लागि सघन अनुगमन गर्न आवश्यक नीति तथा कानूनको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१५६. सहकारी संघ संस्थाहरुको व्यावस्थापकीय क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्नका लागि रु. ९ करोड विनियोजन गरेको छु।

१५७. मालपोत तथा नापी कार्यालयहरुको व्यावस्थापकीय क्षमता विकास र सुदृढीकरणका लागि सहयोग गर्न आवश्यक वजेटको प्रवन्ध गरेको छु।

१५८. प्रदेश भू-उपयोग योजना तयार गरी कार्यान्वयन गरिने छ । गरिबी निवारण सम्वन्धी प्रादेशिक नीति तथा भूमिहीनको जिविकोपार्जन र पुनस्थापन सम्वन्धी नीतिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

**१५९. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणका लागि रु. २५ करोड ६१ लाख विनियोजन गरेको छु।**

**वन, वन्यजन्तु, वातावरण संरक्षण तथा जैविक विविधता**

१६०. वन पैदावारको मागलाई सम्बोधन गर्न समुदाय र सरकारद्वारा व्यवस्थित गरिएको वनलाई सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनका नीति अनुसरण गर्दै वनको उत्पादकत्वमा अभिबृद्धि गरी संकलित वन पैदावारको विक्री वितरण मार्फत रोजगारी, आय र राजस्व अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१६१. गुराँसको राजधानी तीनजुरे-मिल्के-जलजले क्षेत्र, पाँचथर-ताप्लेजुङ-इलाम क्षेत्रको लोपोन्मुख रेडपाण्डा संरक्षण कार्यक्रम तथा जैविक

विविधताले भरिपूर्ण झापा जिल्लाको जलथल वनक्षेत्रलाई नमूना वन संरक्षण क्षेत्रको रुपमा व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१६२. बहुमूल्य जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारको पकेट, ब्लक र जोनको रूपमा व्यापक खेती विस्तार र प्रशोधन गरी निर्यात प्रवर्द्धन गरिने छ। जडिबुटीहरूको प्रमाणीकरण गर्न अन्तराष्ट्रियस्तरको प्रयोगशाला निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयारी गरिनेछ।

१६३. वन क्षेत्रको अतिक्रमण नियन्त्रण तथा व्यवस्थापनका लागि सरोकारवाला निकायहरुसँग छलफल अन्तरकृया गरिनेछ। अतिक्रमणको तथ्याङ्क अद्यावधिक गरी अतिक्रमित वन क्षेत्र पुनरुत्थान तथा व्यवस्थापनका लागि पहल गरिने छ।

१६४. वन डढेलोबाट धनजन, वन्यजन्तु तथा वनस्पतिको क्षति रोकथामका लागि पूर्व तयारी तथा नियन्त्रणको प्रभावकारी व्यवस्थापन गरिने छ। वृक्षारोपण अभियानलाई निरन्तरता दिई १७ लाख विरुवा उत्पादन तथा वितरण गर्नुका साथै २०० हेक्टर खाली वन क्षेत्रमा बृक्षारोपण गर्ने व्यवस्था मिलाएको छु।

१६५. वन, वातावरण तथा जलाधार क्षेत्रलाई थप प्रविधिमैत्री बनाउन वेभमा आधारित तथ्याङ्क व्यवस्थापन प्रणालीको विकासको लागि आवश्यक रकम विनियोजन गरेको छु। साथै वनको वैज्ञानिक अध्ययन, अनुसन्धान, तालिम र प्रचारप्रसारका कार्यक्रमहरूलाई एकीकृत एवम् समन्वयात्मक रुपमा संचालन गर्नका लागि विभिन्न विश्वविद्यालय र कलेज अन्तर्गतका वन वातावरण संकायहरुसँग समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाएको छु। वातावरण संरक्षण सम्बन्धी जनचेतना अभिवृद्धि गर्न आवश्यक रकमको प्रबन्ध गरेको छु।

१६६. **“व्यवस्थित र संरक्षित जलाधार, जीवनको आधार"** भन्ने सोचका साथ उपल्लो र तल्लो तटीय सम्बन्धका आधारमा नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ। चुरे लगायतका संवेदनशील जलाधार क्षेत्रहरूमा नदी नियन्त्रण एवं भू-क्षय नियन्त्रणको कार्य गर्न, वन क्षेत्रभित्र सिमसार, ताल तलैया र पोखरीको निर्माण एवं संरक्षण गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

१६७. स्थानीय तहमा जलवायु परिवर्तन अनुकूलन योजना तर्जुमा र कार्यान्वयनका लागि सहजीकरण गरिनेछ । सडक हरियाली, विद्यालय हरियाली र वन क्षेत्र नभएका स्थानीय तहहरूमा सम्बन्धित स्थानीय तहसँगको सहकार्यमा व्यापक वृक्षारोपण कार्यक्रम सञ्चालन गरी **प्रदेश हरियाली कार्यक्रमलाई** अभियानको रूपमा सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

१६८. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्नको लागि हात्ती, भालु, बाँदर, बँदेल लगायतका बन्यजन्तुहरूको व्यवस्थापनको लागि आवश्यक वजेट विनियोजन गरेको छु।

१६९. जल, वायु तथा ध्वनि प्रदुषण नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ। शहरी तथा बजारक्षेत्र, राजमार्ग र नदी आसपासका क्षेत्रमा प्लाष्टिक झोलाको प्रयोगलाई निरूत्साहित गर्न सचेतनामुलक कार्यक्रमहरूमा वजेट विनियोजन गरेको छु।

१७०. **वन, वातावरण, वन्यजन्तु तथा जैविक विविधता संरक्षण र भू तथा जलाधार व्यवस्थापनको क्षेत्रमा रू. १ अर्व ८२ करोड ३० लाख विनियोजन गरेको छु।**

शान्ति सुरक्षा

१७१. प्रदेशको शान्ति सुरक्षा प्रभावकारी बनाइनेछ । यसका लागि जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल र राष्ट्रिय अनुसन्धानसँग आवश्यक समन्वय र सहकार्य गरी सुरक्षा व्यवस्था सुदृढ बनाइनेछ ।

१७२. **"नागरिकको जीउ, धन र सार्वजनिक सम्पत्तिको सुरक्षा, प्रदेश सरकारको प्रतिवद्धता"** भन्ने मान्यता सहित राष्ट्रियता, सार्वजनिक हित, सामाजिक सद्भभाव, मानवीय सुरक्षा, पूर्वाधार एवं औद्योगिक सुरक्षा तथा प्राकृतिक श्रोतको जगेर्ना गर्न प्रादेशिक सुरक्षा नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

१७३. सडक दुर्घटना न्यूनीकरण तथा अपराध नियन्त्रणका लागि प्रदेश प्रहरी कार्यालय मार्फत निगरानी बढाउन रानी-इटहरी-कोशी व्यारेज खण्डमा अत्याधुनिक सी.सी. क्यामेरा जडान गर्ने काम चालु आर्थिक वर्ष भित्रै

सम्पन्न गरिने छ। आगामी आर्थिक वर्षमा काकडभिट्टा-इटहरी-धरान खण्ड तथा विराटनगरको प्रमुख चोकहरुमा सी.सी. क्यामेरा जडान गर्ने व्यवस्था मिलाएको छु।

१७४. समग्र प्रदेशको शान्ति सुरक्षाका लागि आवश्यकता अनुसार प्रहरी चौकी निर्माण, कारागार मर्मत, बोर्डर आउट पोष्ट मर्मत, राष्ट्रिय अनुसन्धानको भवन निर्माण तथा मर्मत सुदृढीकरणका लागि रु. **२१ करोड १० लाख** विनियोजन गरेको छु।

## विपद् व्यवस्थापनः

१७५. विपद्बाट नागरिकको जिउ धनको रक्षाको निम्ति प्रकोप जोखिम क्षेत्रको नक्साङ्कन गरिनेछ । तीनै तहको लागत साझेदारीमा सरोकारवाला वीच समन्वय गरी विपद् पूर्वतयारी, प्रतिकार्य र पुनःस्थापना तथा पुनःनिर्माण कार्यक्रम संचालन गरिनेछ ।

१७६. विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन अनुसन्धानका साथै जलवायूजन्य विपद्को असर कम गर्न पूर्व सूचना प्रणाली सञ्जाल स्थापना गरी कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

१७७. विपद् व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यको लागि विराटनगरमा **"प्रदेश विपद् व्यवस्थापन केन्द्र"** को स्थापना गरिनेछ। सबै जिल्लामा सञ्चालनमा रहेका मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रको संस्थागत सुदृढीकरण गरी प्रभावकारी बनाउन विकास साझेदार समेतको सहयोगमा दुई वा दुई भन्दा बढी पालिकाहरुको समन्वय र सहभागितामा एकीकृत सेवा केन्द्र स्थापना गरिनेछ। आगामी आर्थिक वर्षमा झापा, मोरङ, सुनसरी र उदयपुरमा एकीकृत सेवा केन्द्र स्थापना गर्ने व्यवस्था मिलाएको छु ।

१७८. प्रदेशको समग्र विपद् व्यवस्थापनका लागि रु. **१४ करोड ८० लाख** विनियोजन गरेको छु।

## कानूनी शासन तथा मानव अधिकार

१७९. लागूपदार्थ दुर्व्यसन न्यूनीकरण, विपद् व्यवस्थापनमा सहयोग पुर्याउन नैतिक शिक्षा प्रवर्द्धन गर्दै जिम्मेवार नागरिक तयार गर्न विद्यालयका

किशोर किशोरीलाई लक्षित गरी **"हामी स्वंयसेवी"** अभियान मार्फत कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु।

१८०. राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकारसँग सम्बद्ध अन्य निकायहरुसँगको समन्वय र सहकार्यमा कैदीबन्दीहरुलाई मानव अधिकार प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

१८१. महिला हिंसा, मानव बेचविखन तथा ओसारपसार नियन्त्रण एवम् जोखिम न्यूनीकरण गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु ।

१८२. निःशुल्क कानूनी सहायता पाउने हकको कार्यान्वयन सुनिश्चितता लागि संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा जिल्ला कानूनी सहायता समितिलाई सशक्त बनाउन आवश्यक प्रबन्ध मिलाएको छु।

१८३. कानुनी सहायता, मानव अधिकार, हामी स्वयंसेवी कार्यक्रम कार्यान्वयनका लागि **रु. १० करोड ७ लाख** विनियोजन गरेको छु।

१८४. जनयुद्ध, दोश्रो जनआन्दोलन, मधेस आन्दोलन र आदिवासी-जनजाती आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने वीर सपुतहरु प्रति उच्च सम्मान गर्दै उहाँहरुका परिवारलाई जनही रु. १ लाखका दरले रकम उपलब्ध गराउने व्यवस्था गरेको छु साथै द्वन्दपिडितहरुका लागि वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानसँगको सहकार्यमा निशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाएको छु ।

**१८५. शान्ति सुरक्षा, विपद् व्यवस्थापन र कानूनी शासन तथा मानव अधिकारका लागि रु. ५७ करोड विनियोजन गरेको छु।**

## सुशासन, क्षमता विकास र सेवाको प्रभावकारिता

१८६. सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग, कार्यसम्पादनमा आधारित व्यवस्थापनको कार्यान्वयन र अन्तरनिकाय समन्वय एवम् सूचनाको आदान प्रदानलाई प्रभावकारी बनाई सेवा प्रवाहमा सुधार गरी सुशासन कायम गरिनेछ।

१८७. प्रदेश निजामती सेवालाई सक्षम, सुदृढ, नागरिक मैत्री र उत्तरदायी बनाउन प्रदेश निजामती सेवा ऐन तर्जुमा गरिनेछ। प्रदेश निजामती

सेवालाई चुस्त, प्रभावकारी र नतिजामुखी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यान्वयनमा ल्याइनेछ ।

१८८. स्थानीय तहको कानून निर्माणका लागि सहयोग, स्थानीय तहका पदाधिकारी एवम् कर्मचारीहरुका लागि आवश्यक क्षमता विकास कार्यक्रम सञ्चालन र प्राविधिक परामर्श मार्फत प्रदेश र स्थानीय तहबीचको सम्बन्ध, समन्वय र सहकार्यलाई सुदृढ र प्रभावकारी बनाइनेछ।

१८९. प्रदेश तथा स्थानीय तह अन्तर्गतका सरकारी निकाय एवम् संगठित संस्थाहरुको संस्थागत र मानब संशाधनको व्यवस्थापकीय दक्षता अभिवृद्धि गर्न र ती विषयमा अध्ययन अनुसन्धान गर्नका लागि प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सञ्चालन गरिनेछ।

१९०. प्रदेश सभाको संस्थागत क्षमताको अभिवृद्धिमा सहयोग गरिनेछ । प्रदेश सभालाई प्रविधि मैत्री बनाउन र संसदीय समितिलाई थप सक्षम र सुदृढ बनाउन सहयोग पुऱ्याइनेछ ।

१९१. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रदेशमा कार्यरत कर्मचारीहरुलाई काम प्रति उत्प्रेरित र जवाफदेही बनाउन प्रोत्साहन स्वरुप एकमुष्ठ एक महिनाको शुरु तलव स्केल बराबरको रकम प्रदान गर्ने व्यवस्था मिलाएको छु।

१९२. नेपाल सरकारले २०७९ साल श्रावण १ गतेदेखि लागु हुने गरी निर्धारण गरेको कर्मचारीको तलव वृद्धिलाई समेत समावेश गरी बजेट विनियोजन गरेको छु ।

१९३. **सुशासन, क्षमता विकास र सेवाको प्रभावकारिताका लागि रु. ९० करोड विनियोजन गरेको छु।**

## अर्थ, योजना, तथ्याङ्क र विकास

१९४. सुशासनयुक्त कार्यालय, भ्रष्टाचार मुक्त प्रदेश निर्माण गर्ने गरी वित्तीय अनुशासन प्रवर्द्धनमा जोड दिइनेछ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली तर्जुमा गरी लागू गरिने छ ।

१९५. वित्तीय सुशासन जोखिम मूल्याङकन गरी उत्कृष्ट कार्यसम्पादन भएका कार्यालय र कर्मचारीलाई पुरस्कृत गरिने छ ।

१९६. प्रदेश सरकारका काम कारवाहीहरूलाई पारदर्शी एवम उत्तरदायी बनाउन आवधिक रूपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण गरिने छ । वित्तिय अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणाली र सार्वजनिक खर्चको मापदण्डलाई थप परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ।

१९७. आन्तरिक लेखा परीक्षणलाई थप प्रभावकारी बनाउन इ-लर्निङ प्लेटफर्म स्थापना गरिने छ । आन्तरिक लेखा परीक्षण प्रतिवेदनलाई त्रैमासिक रुपमा सार्वजनिक गर्ने र त्यसमाथि छलफल एवम् प्रतिवेदनले औंल्याएका विषयलाई सुधार गर्ने कार्यलाई मुख्य प्राथमिकता दिइनेछ।

१९८. प्रदेशको समग्र आर्थिक विकास र समृद्धिका लागि आवश्यक श्रोतको पहिचान एवम् परिचालन गर्न स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न र प्रदेशमा लगानीमैत्री वातावारण श्रृजना गरी सर्वाङ्गिण विकासमा निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्न आगामी वर्ष प्रदेश लगानी सम्मेलन आयोजना गरिनेछ।

१९९. जिन्सी व्यवस्थापन प्रणालीमा सुधार गर्दै पारदर्शिता अभिवृद्धि तर्फ जोड दिइनेछ । सबै कार्यालयले समयमै जिन्सी निरीक्षण गरी सोको प्रतिवेदनलाई सार्वजनिक गर्ने, लिलाम गर्नुपर्ने सामाग्री तथा साधनको दोस्रो त्रैमासिक भित्र लिलाम गरिसक्ने व्यवस्था गरिने छ।

२००. बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना तर्जुमा गरी माथिल्लो पदाधिकारीसँग कार्यसम्पादन सम्झौता गरी नियमित रुपमा प्रगति मूल्याङ्कन गर्ने परिपाटीलाई थप प्रभावकारी बनाइनेछ।

२०१. महत्वपूर्ण नीति तर्जुमा एवम् प्रदेशको बजेट तथा कार्यक्रमको त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति समीक्षा गर्दा स्थानीय तह र संघीय निकाय एवम् सो अन्तर्गतका प्रदेशमा विद्यमान कार्यालयहरुको समेत सहभागीता गराउने पद्धतिको विकास गरिनेछ।

२०२. सहभागितामूलक योजना तर्जुमालाई फागुन महिना देखिनै सुरु गरिनेछ। चालु वर्षमा सञ्चालन भएका आयोजना, कार्यक्रमको समीक्षा एवम् विश्लेषण गर्दै सबै जिल्ला तथा निर्वाचन क्षेत्र स्तरीय योजना तर्जुमा गोष्ठी सञ्चालन गरिनेछ।

२०३. योजना तर्जुमा गोष्ठीबाट प्रस्ताव/छनौट भएका आयोजनालाई सम्बन्धित कार्यालयबाट तत्काले पूर्वसम्भाव्यता अध्ययन गराई सम्भाव्य देखिएका आयोजनालाई विस्तृत अध्ययन पश्चात् परियोजना बैंकमा समावेश गरी आगामी वर्षको बजेटमा समावेश गर्दै कार्यान्वयमा लैजाने नीति लिइनेछ। विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँड सम्बन्धि मापदण्डको आधारमा प्रदेशस्तरीय आयोजना सञ्चालनमा जोड दिइनेछ।

२०४. प्रदेशको रणनीतिक महत्वका र रुपान्तरकारी आयोजना/कार्यक्रमलाई प्राथमिकता दिइने छ। साथै बहुवर्षीय आयोजना छनौट सम्बन्धी निर्देशिका तर्जुमा गरिनेछ । विकास निर्माणको कार्य अगाडी बढाउनु पूर्व स्रोतको अनिवार्य व्यवस्थापन हुनुपर्ने नीति परिपालना गरिने छ ।

२०५. मध्यमकालीन खर्च संरचनालाई बजेट तर्जुमा र स्रोत बाँडफाँट गर्दा प्रमुख आधारको रुपमा लिने गरी तर्जुमा गरिने छ।

२०६. वित्तिय स्रोतको न्यूनतालाई सम्बोधन गर्न हाल कायम रहेको कन्टिन्जेन्सी सम्बन्धी व्यवस्थालाई नयाँ मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिने छ । ठूला आयोजना र विशेष क्षमताका जनशक्ति,

प्रविधि, उपकरण आवश्यक पर्ने कार्यलाई उपभोक्ता समितिबाट सञ्चालन नगर्ने नीति अबलम्बन गरिनेछ।

२०७. प्रदेशमा वित्तीय साक्षरता अभिवृद्धिका लागि वित्तीय संस्थाहरूसँगको समन्वय र सहकार्यमा साक्षरता सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ।

२०८. वैदेशिक सहायता परिचालनमा थप प्रभावकारिता ल्याउन संस्थागत सुदृढीकरण गर्दै हालै जारी भएको कार्यविधिलाई प्रभावकारी रुपमा लागु गरिने छ ।

२०९. विगत दुई बर्ष लामो कोभिडको गम्भीर असर तथा पछिल्लो रसिया-युक्रेन युद्धको कारण प्रभावित भएको आर्थिक सामाजिक अवस्था र प्रक्षेपणमा गहिरो फरकपन आएको हुनाले प्रदेश योजना आयोगको नेतृत्वमा पहिलो आवधिक योजनाको मध्यावधि पुनरावलोकन गर्ने व्यवस्था मिलाएको छु।

२१०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा बजारीकरण गर्न सकिने तुलनात्मक लाभका वस्तु तथा सेवाको पहिचानको लागि प्रदेश योजना आयोगको नेतृत्वमा सरोकारवालाहरु समेतको सहभागितामा आगामी वर्षमा अध्ययन गरिनेछ।

२११. विकासका बहुआयामिक क्षेत्रको संतुलित उन्नयनका निम्ति प्रदेशको आर्थिक तथा सामाजिक विकासको अवस्था र विकास प्रतिको परिवर्तित धारणालाई मध्यनजर गर्दै गरिबी निवारणका संभावित उपायको खोजी गर्न प्रदेश योजना आयोग मार्फत अध्ययन-अनुसन्धान गर्ने व्यवस्था मिलाएको छु।

**माननीय सभामुख महोदय,**

२१२. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२१३. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न **रू. ३९ अर्ब ७३ करोड ८३ लाख** विनियोजन गरेको छु । कुल

विनियोजन मध्ये स्थानीय तहमा वित्तीय हस्तान्तरण तर्फ **रू. ३ अर्ब १५ करोड १५ लाख** र संघीय अनुदान बचत फिर्ता तर्फ **रु. २ अर्ब** रहेको छ।

२१४. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये प्रदेश सरकारको आन्तरिक राजस्वबाट **रू. ४ अर्ब ९८ करोड ४५ लाख**, राजस्व बाँडफाँडबाट **रू. ११ अर्ब ८८ करोड २४ लाख**, संघबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट **रू. ९ अर्ब ८२ लाख**, सशर्त अनुदानबाट **रू. ८ अर्ब ६९ करोड ५९ लाख**, समपुरक अनुदानबाट **रू. ९२ करोड** र विशेष अनुदानबाट **रू. ४७ करोड ५० लाख** गरी राजस्व तथा वित्तीय हस्तान्तरणबाट जम्मा **रू. ३५ अर्ब ९६ करोड ६० लाख** खर्च व्यहोरिनेछ। बाँकी अपुग रकम नगद मौज्दातबाट **रू.** ३ अर्ब ५१ करोड ५५ लाख तथा वैदेशिक अनुदानबाट **रू. २५ करोड ६८ लाख** व्यहोरिनेछ।

**माननीय सभामुख महोदय,**

२१५. अब म आगामी आर्थिक वर्ष २०७९/०८० को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२१६. आगामी आर्थिक वर्षको राजस्व नीति र करका दरहरू निर्धारण गर्दा निम्नानुसारको राजस्व परिचालन नीति अंगीकार गरेको छु:

(क) कराधारको संरक्षण गरी करको दायरा विस्तार गर्ने,

(ख) राजस्व प्रशासनलाई प्रविधीमैत्री बनाई प्रक्रियागत सरलीकरण गर्ने,

(ग) कर परिपालना र कर सहभागिता अभिवृद्धि गर्ने,

(घ) राजस्व प्रशासनमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने,

(ङ) सरोकारवालासँगको समन्वयमा राजस्व चुहावट नियन्त्रण गर्ने।

२१७. प्रदेश सरकारको राजस्व परिचालनलाई प्रभावकारी बनाउदै सम्भावित चुहावट नियन्त्रणको लागि प्रविधिमा आधारित समन्वयात्मक संयन्त्र तर्जुमा गरी कार्यान्वयन गरिनेछ । चालु वर्षको राजस्व परामर्श समितिको प्रतिवेदन लगायत स्थलगत अध्ययन एवम् सरोकारवालाहरू सँगको छलफलबाट प्राप्त निश्कर्षलाई क्रमशः कार्यान्वयन गरिनेछ ।

२१८. प्रदेशको सार्वजनिक वनक्षेत्र, प्राकृतिक रुपमा सौन्दर्य स्थान तथा सार्वजनिक र सरकारी जग्गामा गरी प्रदेश सरकारले होर्डिङ्गबोर्ड र विज्ञापन जन्य सामाग्रीहरु तयार गरी प्रतिस्पर्धात्मक ढंगले उपयोग गर्ने व्यवस्था मिलाई प्रदेश सरकारको आम्दानी अभिबृद्धि गरिनेछ।

२१९. राजस्व सङ्कलनलाई थप पारदर्शी तथा प्रभावकारी बनाउन राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति तथा कानून तर्जुमा गरी राजस्व संकलनमा सूचना प्रविधिको प्रयोग बढाइनेछ। करदाताले विद्युतीय माध्यमबाट कर तिर्न सक्ने व्यवस्थालाई अझ प्रभावकारी बनाइनेछ।

२२०. विगत आर्थिक वर्षहरुको संकलित मनोरञ्जन कर एकमुष्ठ २०७९ साल फागुन मसान्तसम्ममा बुझाएमा सो मा लाग्ने ब्याज छुट दिने व्यवस्था मिलाएको छु।

२२१. प्रचलित कानून बमोजिम दर्ता भई खारेजीमा नपरेका तथा तोकिएको समयमा नविकरण गर्न छुट भएका नीजि तथा साझेदारी फर्महरुले नविकरण वा खारेजीका लागि २०७९ साल फागुन मसान्तसम्म निवेदन दिएमा ३ वर्षको एक नविकरण अवधि मानी प्रदेश नं. १ नीजि तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ को अनुसूची - १ बमोजिम प्रत्येक नविकरण अवधिको लागि लाग्ने दस्तुरको दोब्बर दस्तुर लिई फर्म नविकरण वा खारेजी गर्ने व्यवस्था मिलाएको छु।

२२२. जुनसुकै सवारीका धनिले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रुपमा ५ वर्षसम्मका लागि एकै पटक भुक्तानी गरी नविकरण गराउन सक्ने व्यवस्था गरेको छु । यसरी अग्रिम रुपमा कर बुझाई नविकरण गराएमा लाग्ने सवारी साधन करमा १० प्रतिशत छुट दिने व्यवस्था गरेको छु ।

२२३. आर्थिक वर्ष २०७९/८० को राजस्वको कर तथा गैरकरका स्रोत, दर, प्रशासन तथा व्यवस्थापन आर्थिक विधेयक, २०७९ मा व्यवस्था भए बमोजिम हुनेछ। विनियोजन विधेयक, २०७९ र आर्थिक विधेयक,

२०७९ यसै सम्मानित सभामा प्रस्तुत गरेको छु।यसै गरी, व्यय अनुमानको विवरण र मध्यमकालीन खर्च संरचनाको सारांश समेत प्रस्तुत् गरेको छु ।

**बजेट कार्यान्वयन, खर्चको मितव्ययिता तथा प्रभावकारिता**

**माननीय सभामुख महोदय,**

२२४. आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट कार्यान्वयन देहाय बमोजिम हुनेछ :

२२५. बजेट कार्यान्वयनलाई थप जिम्मेवार र जवाफदेही बनाउन कार्यसम्पादन सम्झौतालाई निरन्तरता दिइनेछ। कर्मचारीको कार्यसम्पादनको मूल्यांकन कार्यसम्पादन सम्झौताको आधारमा गरिनेछ।

२२६. बजेट तथा कार्यक्रमको कार्यान्वयनका लागि आर्थिक वर्ष शुरु हुनु अगावै कार्यान्वयन कार्य योजना सबै मन्त्रालय तथा निकायहरुबाट २०७९ असार मसान्त भित्रै स्वीकृत गरी कार्यान्वयनमा ल्याइनेछ।

२२७. मन्त्रालयहरुले बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड संशोधन गर्नुपर्ने भए आगामी आर्थिक बर्षको श्रावण मसान्त भित्र र नयाँ तर्जुमा गर्नुपर्ने भए असोज मसान्त भित्र गरिसक्नुपर्नेछ।

२२८. आयोजना/ कार्यक्रमहरु समय मै सम्पन्न गर्न जिम्मेवार अधिकारीले खरिद प्रकृया आर्थिक वर्षको पहिलो त्रैमासिक अवधि भित्रै अगाडी बढाइसक्नु पर्नेछ ।

२२९. आर्थिक मामिला तथा योजना मन्त्रालयले आवधिक रुपमा बजेट तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गर्नेछ ।

२३०. सबै निकायले सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछ । साथै आन्तरिक नियन्त्रण प्रणाली असोज

मसान्त भित्र स्वीकृत गरी लागू गर्नुपर्नेछ भने आर्थिक मामिला तथा योजना मन्त्रालयले खर्चको मापदण्डमा परिमार्जन गर्नेछ।

२३१. कार्यक्रम तथा आयोजनाहरुको बाञ्छित नतिजा हासिल गर्न नियमित रुपमा सुचकमा आधारित अनुगमन गरी समय सीमाको पालना तथा गुणस्तरको सुनिश्चितता गर्नुपर्नेछ।

**माननीय सभामुख महोदय,**

२३२. आर्थिक वर्ष २०७७/७८ को यथार्थ खर्च, आर्थिक वर्ष २०७८/७९ को संशोधित अनुमान र आर्थिक वर्ष २०७९/८० को आय-व्ययको अनुमानित विवरण अनुसूचीमा उल्लेख गरेको छु।

२३३. प्रस्तावित बजेटको कार्यान्वयनबाट आगामी आर्थिक वर्ष २०७९/०८० को कुल गार्हस्थ उत्पादन ८ खर्व ५० अर्व पुग्ने अनुमान छ । त्यसैगरी आगामी आर्थिक वर्षको आर्थिक वृद्धिदर ६.४८ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ ।

२३४. सबै खाले असहजता र प्रतिकूलताका बावजुद वर्तमान सरकारले लिएका नीतिहरुको कार्यान्वयनबाट प्रदेशका जनतामा थप भएको उत्साह तथा आर्थिक तथा सामाजिक विकासको लयलाई कायम राख्दै आगामी आर्थिक वर्षको बजेटले **स्वच्छ सुखी र समुन्नत प्रदेश**को आकाङ्क्षा पूरा गर्न ठोस योगदान पुऱ्याउने मेरो विश्वास छ। कोभिड-१९ माहामारिको कारण अर्थतन्त्रमा पुग्न गएको क्षतिलाई परिपुरणका निम्ति राजनैतिक दल, जनप्रतिनिधि, सामाजिक संघ संस्था, निजी क्षेत्र, संचार जगत, नागरिक समाज तथा आम नागरिकलाई आ-आफ्नो ठाँउबाट सकारात्मक भूमिका निर्वाहका लागि म हार्दिक अपिल गर्दछु।

२३५. आर्थिक गतिविधि सञ्चालन, श्रम बजारमा आउने व्यक्तिलाई रोजगारीको अवसर उपलव्धता तथा जीवनचक्रमा आधारित सामाजिक सुरक्षा एवम् संरक्षण, आवश्यक पुर्वाधार निर्माणका साथै आमनागरिकको जीवन यापनमा सहजता प्राप्त भई लोककल्याणकारी राज्यको स्थापनामा ठोस योगदान पुग्ने अपेक्षा गरेको छु।

२३६. अन्त्यमा, बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नु हुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, प्रदेश सभाका माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, माननीय मन्त्रीज्यूहरु, प्रदेश सभाका माननीय सदस्यज्यूहरु तथा सबै स्थानीय तहका जनप्रतिनिधिहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। बजेट तर्जुमाको क्रममा उपयोगी सुझाव प्रदान गर्नु हुने राजनीतिक दल, अर्थविद्, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, आम सञ्चार जगत तथा आम नागरिकलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। बजेट तयारीमा संलग्न सबै मन्त्रालयका कर्मचारीहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु। साथै, बजेट कार्यान्वयनमा समेत सबैको रचनात्मक सहयोग मिल्ने अपेक्षा समेत गरेको छु।

**धन्यवाद।**